निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

निर्वाचन आयोग नेपाल २०६३

मिति:२०८०/०९/०५

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मतदान स्थल तथा मतदान केन्द्र तोकिएको।

मिति २०८०/१०/११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगले आज प्रत्येक प्रदेशमा एक एक वटा मतदान स्थल र सोही मतदान स्थलमा दुई दुई वटा मतदान केन्द्र रहने गरी जम्मा ७ मतदान स्थल र १४ वटा मतदान केन्द्र तोकेको छ।

कोशी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, विराटनगर, मोरङ, मधेश प्रदेशका लागि महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुरधाम, धनुषा, बागमती प्रदेशका लागि श्री भुटनदेवी मा.वि. प्राविधिक शिक्षालय, ब्लक 'F' प्राविधिक भवन, हेटौंडा, मकवानपुर, गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, पोखरा, कास्की, लुम्बिनी प्रदेशका लागि कर्मचारी मिलन केन्द्रको भवन, घोराही, दाङ, कर्णाली प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, सुर्खेत र सुदूरपश्चिम प्रदेशका लागि प्रदेश सभा भवन, धनगढी, कैलालीलाई मतदान स्थल तोकिएको छ।

तोकिएका मतदान स्थलमा प्रदेश सभाका सदस्यले मतदान गर्ने र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नका लागि बेग्ला बेग्लै मतदान केन्द्रहरू रहनेछन्। मतदान केन्द्रको विवरण आयोगको वेबसाइटमा समेत प्रकाशन गरिएको छ। तोकिएका मतदान केन्द्रमा मिति २०८०/१०/११ गते बिहान ९:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मतदानको कार्य हुनेछ।

२०८०/०९/०५

शालिग्राम शर्मा पौडेल

सहसचिव एवं प्रवक्ता